प्रदेश सरकार

# सामाजिकविकास मन्त्रालय

## कर्णालीप्रदेश

वीरेन्द्रनगर,सुर्खेत नेपाल

मा.मन्त्रीज्यू : ०८३-५२४६४०
सचिवज्यू : ०८३-५२५६१२
प्रशासनशाखा :- ०८३-५२३६७२
लेखाशाखा :- ०८३-५२१७१२
फ्याक्स :- ०८३-५२२०२९
mosdsurkhet@gmail.com
dosd.skt@gmail.com

प.सं. – २०७६।०७७
च.न. ११५०

मितिः२०७६/९/२७

विषयः तथ्याङ्क संकलन सम्वन्धमा।

श्री नगरपालिका सवै (कर्णाली प्रदेश)
श्री गाउँपालिका सवै (कर्णाली प्रदेश)

प्रस्तुत विषयमा च. नं. ३५६, मिति २०७६।९।९ को राष्ट्रिय बाल अधिकार परिषदको पत्रानुसार तहाँ पालिकामा रहेका बावु आमा विहीन बालबालिकाको तथ्याङ्क संकलन गरी १ प्रति राष्ट्रिय बाल अधिकार परिषद र १ प्रति यस मन्त्रालयमा पठाई आवश्यक सहयोग गरिदिनु हुन अनुरोध छ। साथै राष्ट्रिय बाल अधिकार परिषदको पत्र यसै साथ संलग्न रहेको व्यहोरा अनुरोध छ।

**बोधार्थ**
श्री राष्ट्रिय बाल अधिकार परिषद्
श्रीमहल पुल्चोक ललितपुर

विश्वमणि जोशी

नेपाल सरकार
महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय
# राष्ट्रिय बालअधिकार परिषद्
# National Child Rights Council-NCRC
श्रीमहल पुल्चोक, ललितपुर

पत्र संख्या : ०७६/७७
चलानी नं. : ३५६

२०७६/०९/०९

श्री सामाजिक विकास मन्त्रालय
कर्णाली प्रदेश
विरेन्द्रनगर, सुर्खेत ।

**विषयः बाबुआमाविहीन बालबालिकाको तथ्याङ्क सङ्कलन प्रक्रियामा सहयोगका लागि अनुरोध ।**

उपर्युक्त विषयमा नेपालको संवैधानिक र कानूनी व्यवस्था लगायत संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को प्रावधान अनुसार आमाबाबुविहीन तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण गर्नु राज्यको जिम्मेवारी हुने व्यवस्था रहेको छ। यस विषयमा नेपाल सरकार संवेदनशील हुँदै **आमाबाबु दुवैविहीन बालबालिकालाई राज्यबाट अभिभावकत्व लिई बालबालिकाको आधारभूत अधिकार संरक्षणका लागि नतिजामूलक कार्यक्रम शुरुवात गर्ने दिशातर्फ अग्रसर भएको व्यहोरा अनुरोध छ ।**

यस सन्दर्भमा प्रत्येक पालिकाबाट दुवै बाबुआमाको मृत्य भएका बालबालिकाको तथ्याङ्क सङ्कलन गर्न यसैसाथ संलग्न फारमको व्यवस्था गरिएको छ । उक्त फारमसहित तोकिएको सूचना प्रत्येक पालिकाबाट भरी पठाउने व्यवस्थाका लागि तहाँ मन्त्रालयबाट प्रदेशका सबै पालिकाहरुलाई पत्राचार गरी सहयोग गरिदिनु हुन हार्दिक अनुरोध छ ।

सा.वि.म.
९/१६

(कृष्ण प्रसाद भुसाल)
प्रशासकीय प्रमुख

ईश्वर जी
तथ्याङ्क संकलनका लागि
पत्राचार गर्नुहुन।
९/१६



"सुखी नेपाली, समृद्ध नेपाल : बाल अधिकार सबैको सरोकार"

फोन नं. : ०१-५५५०१२१, ५५५०१४७
Tel. : 01-5550121, 5550147

फ्याक्स : ९७७-१-५५२७५९१
Fax : 977-1-5527591

E-mail : contact@ncrc.gov.np
Website : www.ncrc@gov.np
E-Portal : www.childrights.gov.

## सूचना सङ्कलन तथा व्यवस्थापन फारम
# अनाथ बालबालिकाको सुनिश्चित भविष्यका लागि
# "राज्यः बालबालिकाको अभिभावक"

## क. पृष्ठभूमि

१. संयुक्त राष्ट्रसंघको बाल अधिकारसम्बन्धी महासन्धि, १९८९ को धारा २० मा आमाबाबुविहीन तथा अनाथ बालबालिकाको संरक्षण हुने व्यवस्था गर्नु राज्यको जिम्मेवारी हुने व्यवस्था रहेको छ। नेपालको संविधान, २०७२ मा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण राज्यले गर्ने भन्ने व्यवस्था भएको छ। यसैगरी स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले अनाथ बालबालिका तथा अन्य कारणले जोखिममा रहेका बालबालिकाको व्यवस्थापनको अख्तियारी स्थानीय सरकारलाई दिइएको छ भने बालबालिकासम्बन्धी ऐन, २०७५ मा पनि अनाथ बालबालिकाको संरक्षणको व्यवस्था भएको छ। आमाबाबु दुवैविहीन वा आमाबाबु दुवै हुँदाहुँदै पनि शारीरिक वा मानसिक कारणले आफ्ना बालबालिकाको लालनपालन गर्न असमर्थ भएका एवम् आमाबाबुमध्ये कुनै एकमात्र जीवित भए पनि बालबालिकाको लालनपालन गर्न समस्या भएका बालबालिकालाई मूलतः राज्य संयन्त्रबाट लालनपालन तथा संरक्षणको जिम्मेवारी लिनु बाल अधिकार एवम् मानव अधिकारको दृष्टिकोणबाट आवश्यक हुन्छ।

२. यस सम्बन्धमा प्रत्येक पालिका, प्रदेश र देशभरबाट बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाको सूचना सङ्कलन गरी अध्यावधिक गर्नुपर्ने आवश्यकता रहेको छ। उक्त बमोजिमको सूचनाको आधारमा राज्य संयन्त्रबाट (स्थानीय तह, प्रदेश तह र संघीय तह) बाबुआमाविहीन तथा राज्यबाट विशेष संरक्षण प्रदान गर्नुपर्ने बालबालिकाका लागि आवश्यक संरक्षण सहयोगको व्यवस्था गरी राज्यबाट त्यस्ता बालबालिकाको अभिभावकत्व ग्रहण गर्ने सोच रहेको छ। यसबाट उक्त बालबालिकाको आधारभूत आवश्यकता परिपूर्ति भई उनीहरुको व्यक्तित्व विकासमा योगदान पुऱ्याउने र बाल अधिकार प्रत्याभूत गर्ने उद्देश्य लिइएको छ।

३. यस उद्देश्य अनुरुप सूचनामूलक ढङ्गबाट नीति तथा कार्यक्रमको तर्जुमा गरी कार्यान्वयनको कार्य प्रभावकारी बनाउन संलग्न फारम अनुसार प्रत्येक पालिकाबाट सूचना सङ्कलन गर्न लागिएको छ। **त्यसैले प्रत्येक पालिकालाई संलग्न फारम अनुसारको सूचना सङ्कलन गरी सम्बन्धित प्रदेशको सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्मा २०७६ साल माघ महिनाको मसान्तसम्ममा पठाई सहयोग गरी दिनुहुन अनुरोध गरिन्छ।**

४. *संघीय संरचना कार्यान्वयनमा आएपछि स्थानीय सरकारले अनाथ वा सीमान्तिकृत समुदायका बालबालिकाका लागि शुरु गरेका केही उल्लेखनीय कार्यहरु निम्नानुसार रहेको जानकारीमा आएको छ :*

- *डोटीको सायल गाउँपालिकाले गाउँपालिका क्षेत्रका अनाथ बालबालिकालाई पढाई खर्च बापत आर्थिक वर्ष २०७५/०७६ देखि प्रत्येक महिना रु. १,५००। सहयोग गर्ने कार्य शुरु गरेको छ।*
- *बैतडीको दोगडाकेदार गाउँपालिकाले आर्थिक वर्ष २०७५/०७६ देखि विद्यालय उमेर समूहका १८ बर्षमुनिका टुहुरा बालबालिकालाई मासिक रु. २,०००। भत्ता दिने कार्य शुरु गरेको छ।*
- *रामेछापको खाँडादेवी गाउँपालिकाले सीमान्तिकृत र विपन्न थामी समुदायका सम्पूर्ण बालबालिकाको पढाई खर्च आर्थिक वर्ष २०७५/०७६ देखि व्यहोर्ने भएको छ।*

Scanned by TapScanner

सूचना संकलन फारमको नमुना

**(प्रत्येक बाबुआमाविहीन बालबालिकाको लागि)**

१. प्रदेश: .................. २. जिल्ला: .................. ३. पालिका: ...................... ४. वडा नं: .........

५. गाउँ/टोल/बस्ती: ...............

६. बालबालिकाको नाम: ........................ ७. थर: ....................... ८. बालक/बालिका: ............

९. जन्म मिति: ..................... १०. बाबु बितेको वर्ष: .............. ११. आमा बितेको वर्ष: .................

१२. बाबुतिरको नातेदार को को छन् .......................................

१३. आमातिरको नजिकको नातेदार को को छन् ..........................................

१४. हाल को सँग बसिरहेको ?: व्यक्ति .................. वा संस्था.....................

१५. अध्ययन गरिरहेको विद्यालयको नाम: ................................१६. पढीरहेको कक्षा: .................

१७. विद्यालय नगएको भए हाल के गरिरहेको ...........................

१८. कुनै अपाङ्गता छ? ................... १९. छ भने कुन किसिमको .............

२०. परिवार वा आफन्तमा नबसिरहेको भए हाल कहाँ ................

२१. सम्पर्क फोन नं .....................................

**नोटः प्रत्येक पालिकाले वडामार्फत उपयुक्त तथ्याङ्क यथाशक्य चाँडो सङ्कलन गर्ने व्यवस्था हुन आवश्यक रहेको।**

Scanned by TapScanner

सूचना संकलन फारमको नमुना

**(प्रत्येक पालिकाको लागि)**

प्रदेश: जिल्ला: पालिका:

| क्रसं | बालबालिकाको पूरा नाम | बालक वा बालिका | जन्ममिति वा वर्ष | विद्यालय गइरहेको | विद्यालय नगएको | हालकोसँग बसीरहेको? | कुनै अपाङ्गता छ? | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १. | | | | | | | | |
| २. | | | | | | | | |
| ३. | | | | | | | | |
| ४. | | | | | | | | |
| ५. | | | | | | | | |
| ६. | | | | | | | | |
| ७. | | | | | | | | |
| ८. | | | | | | | | |
| ९. | | | | | | | | |

**नोट: प्रत्येक पालिकाले वडामार्फत सङ्कलित तथ्याङ्क यो फारममा भरी प्रदेश सामाजिक विकास मन्त्रालय र राष्ट्रिय बाल अधिकार परिषद्, पुल्चोकमा २०७६ माघ महिनाको मसान्तसम्ममा पठाउन अनुरोध छ।**

Scanned by TapScanner